# महाभारत गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय, काभ्रेपलाञ्चोक, बागमती प्रदेश

### सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ (३) बमोजिमको स्वतः प्रकाशन (Proactive Disclosure)

*विवरणको अवधिः आर्थिक वर्ष २०८२/८३ -चौथो त्रैमासिक*

महाभारत गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
दैविटार, काभ्रेपलाञ्चोक
बागमती प्रदेश, नेपाल

| क.सं. | ऐन बमोजिम स्वतः प्रकाशन गर्नुपर्ने २० विषयवस्तुहरू | महाभारत गाउँपालिकाको वास्तविक वस्तुस्थिति / विस्तृत विवरण |
|---|---|---|
| १ | निकायको स्वरूप र प्रकृति | स्थानीय सरकारको रूपमा रहेको महाभारत गाउँपालिका बागमती प्रदेश अन्तर्गत काभ्रेपलाञ्चोक जिल्लामा अवस्थित छ। यसमा साविकका ५ गाविसहरू समावेश छन्। हाल यस पालिकामा ८ वटा वडाहरू रहेका छन् र यसले स्थानीय स्वायत्त शासन प्रणाली अनुरूप कार्य गर्दछ। |
| २ | निकायको काम, कर्तव्य र अधिकार | नेपालको संविधानको अनुसूची-८ बमोजिमको स्थानीय तहको एकल अधिकारका २२ वटा सूचीहरू तथा अनुसूची-९ बमोजिमको साझा अधिकारका विषयहरू। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम गाउँपालिका भित्रका नीति, योजना, वार्षिक बजेट तर्जुमा, स्थानीय कर संकलन, भौतिक पूर्वाधार निर्माण, गाउँपालिका शिक्षा, प्राथमिक स्वास्थ्य, र वातावरण संरक्षण सम्बन्धी सम्पूर्ण कार्यहरू सम्पादन गर्ने। |
| ३ | कर्मचारी संख्या र कार्यविवरण | कुल स्वीकृत दरबन्दी संख्याः ४९ जना (प्रशासनिक, प्राविधिक विविध )।<br>हाल कार्यरत स्थायी कर्मचारीः २७ जना, करार सेवाः ३३ जना।<br>प्रमुख प्रशासकीय अधिकृतले कार्यालयको समग्र प्रशासनिक नेतृत्व गर्ने, शाखा प्रमुखहरूले आ-आफ्नो विषयगत शाखा (योजना, आर्थिक प्रशासन, शिक्षा, स्वास्थ्य, कृषि आदि) को जिम्मेवारी बहन गर्ने र वडा सचिवहरूले वडाको प्रशासनिक कार्य गर्ने गरी कार्यविवरण तोकिएको छ। |
| ४ | प्रदान गरिने सेवाहरू | १. वडा स्तरबाटः नागरिकता सिफारिस, नाता प्रमाणित, व्यक्तिगत घटना दर्ता (जन्म, मृत्यु, विवाह, सम्बन्धविच्छेद, बसाइँसराइ), मोही लगत कट्टा, आदि।<br>२. गाउँपालिका स्तरबाटः व्यवसाय दर्ता तथा नवीकरण, स्थानीय योजना सम्झौता तथा भुक्तानी, सामाजिक सुरक्षा भत्ता वितरण, निःशुल्क कानुनी परामर्श, र कृषि तथा पशु सेवा सम्बन्धी प्राविधिक सहयोग। |

| | | |
|---|---|---|
| ५ | सेवा प्राप्त गर्ने कार्यविधि, लाग्ने समय र दस्तुर | कार्यालयको मूल ढोका र प्राङ्गणमा 'नागरिक वडापत्र' फ्लेक्स बोर्डमा राखिएको छ।<br>- सामान्य सिफारिसः सोही दिन (आवश्यक कागजात पुरा भएको २५ मिनेटभित्र), दस्तुरः गाउँपालिकाको आर्थिक ऐन, २०८२ बमोजिम तोकिए अनुसार।<br>- योजना सम्झौता र भुक्तानीः प्रक्रिया पुरा भएको ३ दिनभित्र, दस्तुरः निःशुल्क।<br>- व्यक्तिगत घटना दर्ताः ३५ दिनभित्र गरेमा निःशुल्क, सोवाहेक नियमानुसार जरिवाना। |
| ६ | निर्णय गर्ने प्रक्रिया र अधिकारी | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र महाभारत गाउँपालिका कार्यसम्पादन नियमावली २०७४ बमोजिम कार्य हुन्छ। सामान्य प्रशासनिक निर्णयहरू शाखाबाट उठेर प्रमुख प्रशासकीय अधिकृत तहबाट हुन्छ। नीतिगत, बजेट तथा ठूला योजना सम्बन्धी निर्णयहरू गाउँपालिका कार्यपालिकाको बैठक वा गाउँपालिका सभाबाट सर्वसम्मत वा बहुमतका आधारमा पारित भई कार्यान्वयन गरिन्छ। |
| ७ | निर्णयविरुद्ध उजुरी सुन्ने अधिकारी | कार्यालयको निर्णय वा कर्मचारीको व्यवहारप्रति चित्त नबुझेमा गाउँपालिका कार्यपालिकाको कार्यालयका प्रमुख प्रशासकीय अधिकृत समक्ष उजुरी दिन सकिनेछ। प्रमुख प्रशासकीय अधिकृतको निर्णय वा वडा समितिको निर्णय विरुद्ध गाउँपालिका उको उपाध्यक्ष संयोजकत्वमा रहेको 'स्थानीय न्यायिक समिति' वा सिधै गाउँपालिका प्रमुख समक्ष उजुरी दर्ता गर्न सकिने कानुनी व्यवस्था छ। |
| ८ | सम्पादन गरेको कामको विवरण | प्रथम त्रैमासिक (साउन-असोज): स्वीकृत कुल जम्मा आयोजना २८३ योजनाहरू मध्ये २५८ योजनाहरूको सम्झौता सम्पन्न भएकोमा २४० आयोजनाको भुक्तानी भएको छ। गाउँपालिकाभित्रका मुख्य सडक खण्ड मर्मत कार्य, र कृषकहरूका लागि सुधारिएको बिउबिजन वितरण कार्यक्रम शतप्रतिशत सम्पन्न भएको छ। |
| ९ | सूचना अधिकारी र प्रमुखको विवरण | १. कार्यालय प्रमुखः नारायण प्रसाद खनाल (प्रमुख प्रशासकीय अधिकृत), फोनः ९८५११२५८४५, इमेलः rbdtamang@gmail.com<br>२. सूचना अधिकारीः दिनेश बस्नेत (अधिकृत छैटौं), फोनः ९८६६२९४००९, इमेलः dineshbasnet67@gmail.com |
| १० | ऐन, नियम, विनियम वा निर्देशिका | महाभारत गाउँपालिकाले कार्यसञ्चालनका लागि पारित गरेका मुख्य कानुनहरूः<br>१. महाभारत गाउँपालिका आर्थिक ऐन, २०८२<br>२. महाभारत गाउँपालिका विनियोजन ऐन, २०८२<br>३. महाभारत गाउँपालिकाको सार्वजनिक खरिद नियमावली, २०७९<br>( पारित भएका सबै कानुनहरु गाउँपालिकाको वेबसाइट ito.mahabharatmun.gov.np. मा उपलब्ध छन्) |
| ११ | आम्दानी, खर्च तथा आर्थिक कारोबार | चौथो त्रैमासिकको संक्षिप्त विवरणः<br>- कुल वार्षिक स्वीकृत बजेटः रु. ६०,५३,९३,४१३ /-<br>- कुल आम्दानी (आन्तरिक स्रोत, राजस्व बाँडफाँड र अनुदान समेत): रु. ६१,१८,७६,६०६/-<br>- कुल खर्च (चालु तर्फ ७८.५३%- र पुँजीगत तर्फ ५९.७७%): जम्मा ७०.९२% |

CamScanner

| | | |
|---|---|---|
| १२ | बजेट, कार्यक्रम र सोको कार्यान्वयन | चालु आर्थिक वर्षका पुँजीगत गौरवका योजनाहरू मध्ये ५ वटा बहुवर्षीय योजना राष्ट्रिय बोलपत्र (E-bidding) मार्फत सम्झौता भई कार्यान्वयनको चरणमा रहेका छन्। |
| १३ | विदेशी सहायता वा अनुदान | यस अवधिमा कुनै पनि विदेशी सरकार वा दातृ निकायबाट सिधै नगद अनुदान प्राप्त भएको छैन। |
| १४ | वार्षिक वा अन्य प्रतिवेदनहरू | आर्थिक वर्ष २०८१।८२ को विस्तृत 'वार्षिक प्रगति समीक्षा प्रतिवेदन' गाउँपालिका कार्यपालिकाबाट स्वीकृत भई वेबसाइटमा प्रकाशन गरिएको छ। साथै महालेखा परीक्षकको कार्यालयबाट प्राप्त भएको अन्तिम लेखापरीक्षण प्रतिवेदन र सोको फछ्र्यौट सम्बन्धी विवरण वेबसाइटमा सार्वजनिक गरिएको छ। |
| १५ | वर्गीकरण गरिएको सूचनाको सूची | सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ३(३) बमोजिम राष्ट्रिय सुरक्षा, व्यक्तिगत गोपनीयता र व्यापारिक गोपनीयता बाहेक अन्य कुनै पनि सूचना वर्गीकरण गरी गोप्य राखिएको छैन। यस गाउँपालिकाका सम्पूर्ण सार्वजनिक खरिद, निर्णय र योजनाका विवरणहरू सूचना माग गर्ने जुनसुकै नागरिकलाई प्रवाह गरिनेछ। |
| १६ | सूचना माग र उपलब्ध गराएको विवरण | गत साउनदेखि असार मसान्तसम्ममा लिखित रूपमा कुल १ वटा सूचना माग सम्बन्धी निवेदन प्राप्त भएका थिए। माग गरिएका विषयहरू (शिक्षा सम्बन्धी पारित ऐन कानूनहरुको विवरण) सम्बन्धी सम्पूर्ण विवरणहरू तोकिएको समय (१५ दिन) भित्रै सम्बन्धित निवेदकलाई निःशुल्क उपलब्ध गराइएको छ। |
| १७ | निकायको पञ्जीका (Registry) विवरण | यस कार्यालयमा मुख्य रूपमा देहायका पञ्जीका/अभिलेखहरू व्यवस्थित रूपमा राखिएका छन्:<br>१. दर्ता र चलानी किताब (दर्ता रजिष्टर) र नागरिक सन्तुष्टि फाराम (CSF)<br>२. व्यक्तिगत घटना दर्ता अनलाइन प्रणाली (VERPS)<br>३. राष्ट्रिय परिचयपत्र तथा सामाजिक सुरक्षा व्यवस्थापन सूचना प्रणाली (MIS)<br>४. राष्ट्रिय सरकारी लेखा प्रणाली (SUTRA) र सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS) |
| १८ | भौतिक स्रोत-साधन र सुविधा | महाभारत गाउँपालिकाको स्वामित्वमा रहेको भौतिक सम्पत्तिः<br>- मुख्य प्रशासनिक भवनः १ वटा, वडा कार्यालय भवनः ८ वटा (आफ्नै स्वामित्वमा)<br>- सवारी साधनः एम्बुलेन्स १ वटा, अन्य गाडी ३ वटा, र मोटरसाइकल १६ वटा।<br>- अन्य साधनः सभाहल २ वटा सम्पूर्ण शाखाहरूमा कम्प्युटर तथा इन्टरनेट सुविधा। |
| १९ | विगतमा स्वतः प्रकाशन गरिएको विवरण | यस अघि आर्थिक वर्ष २०८१/८२ सम्मको स्वतः कार्यालयको सूचना पाटी र आधिकारिक वेबसाइट अन्तर्गत सार्वजनिक गरिएको थियो। |
| २० | अन्य तोकिएका विषयहरू | सार्वजनिक जवाफदेहिता तथा पारदर्शिताको लागि सार्वजनिक परीक्षण तथा विभिन्न कामकाजहरुको विवरण सूचना पाटी तथा वेभसाईट मार्फत प्रकाशन गरिएको |

महाभारत गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
दैविटार, काभ्रेपलाञ्चोक
बागमती प्रदेश, नेपाल

दिनेश बस्नेत
सूचना अधिकारी

नारायण प्रसाद खनाल
प्र. प्र. अ.